म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २४३ २०८१ साउन ११ गते शुक्रबार 26 July 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-




### मन्त्री नियुक्तिमा कांग्रेसमा किचलो

## मन्त्रालयको जिम्मेवारी विवादले रोकियो सपथ



*सपथ ग्रहण कार्यक्रम स्थगित भएसँगै मन्त्री नलिई फर्किंदै गाडी ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारमा मन्त्री नियुक्तिका विषयमा कांग्रेसमा किचलो चर्किएको छ । प्रदेशको १३ मन्त्रालय मध्ये मुख्यमन्त्री बाहेक ६ मन्त्रालयको भाग पाएको कांग्रेसले बिहिबार एक बिना विभागीयसहित ४ मन्त्रीको सपथ ग्रहण गर्ने तयारी गरेको थियो । तर, अन्तिम समयमा सपथ ग्रहण रोकियो ।

कांग्रेसले पाएको ६ मन्त्रालयमा बुधबार नै ३ मन्त्री नियुक्ति गरेको थियो । बिहिबार भने कांग्रेसले ४ मन्त्रीलाई सपथ ग्रहण गराउने तयारी गरेको थियो । कांग्रेसले जिम्मेवारीसहित सुरजचन्द्र लामिछाने, प्रभात तामाङ, मीनकृष्ण महर्जन र बिमल ठकुरीलाई मन्त्रीको सपथ ग्रहण गराउने गरी ५:३० बजेको समय निर्धारण गरेको थियो ।

सोही अनुसार उनीहरुको जिम्मेवारी समेत निर्धारण गरी मन्त्रीमा नियुक्त गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट मन्त्रीको सपथका लागि प्रदेश प्रमुख कार्यालयमा पत्राचार गरिएको थियो । प्रदेश प्रमुख कार्यालयले मन्त्रीको सपथका लागि कार्यभार तोके अनुसार सपथका लागि पत्र समेत तयार गरेको थियो । पत्रसहित सपथ ग्रहणका लागि हलमा प्रवेश गर्ने तयारी गर्दै गर्दा विवाद भएपछि कार्यक्रम रोकिएको थियो ।

प्रदेश प्रमुखको कार्यालयले तयार गरेको पत्रअनुसार बिहिबार नियुक्त हुनुभएका ठकुरीले संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, लामिछानेले आन्तरिक मामिला तथा कानुन मन्त्रालय, तामाङले आर्थिक मामिला तथा योजना मन्त्रालय र महर्जनले युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी पाउने भएका थिए ।

बुधबार नियुक्त भई सपथ गरेका कुन्दनराज काफ्ले, श्याम बहादुर खड्का र मदु कुमार श्रेष्ठको जिम्मेवारी समेत तोकिएको थियो । जसमा काफ्लेले सामाजिक विकास मन्त्रालय, खड्काले खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय पाउने गरी जिम्मेवारी तोकिएको थियो भने श्रेष्ठको जिम्मेवारी पछि तोकिने गरी बिना विभागीय मन्त्री बनाउने तय भएको थियो ।

उक्त निर्णयमा काफ्ले र श्रेष्ठले असहमति जनाएपछि सपथ ग्रहण कार्यक्रम भाँडिएको थियो । सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिने तयारी भएपछि काफ्ले मन्त्री पदमा नरहने निर्णयमा पुग्नुभयो । काफ्लेले पदबाट राजिनामा दिने बताउनुभयो । सरकार गठन ताका भौतिक पूर्वाधार विकास मन्त्रालयमा आकांक्षा राखेका काफ्लेले भागबण्डामा सो मन्त्रालय एमालेको भागमा परेपछि आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी पाउने निश्चित भएको थियो । कांग्रेस एमाले बीच भौतिक र आर्थिक मन्त्रालय साटफेर भएपछि काफ्ले आर्थिक मामिला तथा योजना मन्त्रालय पाउने पक्कापक्की भएको थियो । तर, बिहिबार आर्थिक मामिला मन्त्रालयमा प्रभात तामाङको नाम फाइनल भएपछि उहाँ सामाजिक विकास मन्त्रालयमा पर्नुभएको थियो ।

यता बिना विभागीय मन्त्री रहने निश्चित भएका श्रेष्ठले जिम्मेवारी नतोकेसम्म अघि बढ्न नहुने अडान कायम राख्नुभयो । जिम्मेवारी तोकेर अघि बढ्नु पर्ने उहाँको मागपछि मन्त्रीहरुको सपथग्रहण थप अन्योलमा परेको थियो । मन्त्री श्रेष्ठका अनुसार आकांक्षी धेरै भएकाले कांग्रेसमा मन्त्री नियुक्तिमा केही असहज भएको हो । मन्त्रीहरुको कार्यक्षेत्र निर्धारणका विषयमा कसैको पनि निर्धारण नभएको उहाँले बताउनुभयो ।

यता मन्त्रीको स्वागतका लागि विभागीय मन्त्रालयका सचिवहरु गाडीसहित प्रदेश प्रमुखको कार्यालय पुगे पनि मन्त्री नभेटिएपछि रित्तै फर्किएका छन् । कर्मचारीको टोलीसहित स्वागतका लागि पुगेका सचिव र गाडीहरु रित्तो फर्किएका हुन् । नेपाली कांग्रेसको आन्तरिक विवादका कारण मन्त्रीहरुको सपथ कार्यक्रम रोकिएपछि मन्त्री लिन पुगेको गाडी र सचिव मन्त्री नलिई फर्किएको हो । मन्त्री लिएर झण्डा फहराउँदै मन्त्रालय फर्कने तयारीमा प्रदेश प्रमुखको कार्यालय परिसर पुगेका गाडीहरु झण्डा छोपेरै फर्कन बाध्य भयो । मन्त्री नपाएपछि कर्मचारी र सुरक्षा खटिएका पिएसओ लिएर गाडी फर्किएको हो ।

## वडाध्यक्षले रोकेको शिक्षक परीक्षा कार्यविधि विपरित आज र भोलि हुने

समाज संवाददाता

हेटौंडाः शिक्षक छनोट समितिमा विज्ञ छनोटको विषयमा विवाद भएपछि हेटौंडा उपमहानगरपालिकाका वडाअध्यक्षहरुले रोकेको शिक्षक छनोट परीक्षा आज शुक्रबार र भोलि शनिबार हुने भएको छ । असार २९ गते शनिबार बिहान हेटौँडा उपमहानगरपालिकाका १० वटा विद्यालयका विभिन्न तहका शिक्षक छनोटको प्रक्रिया सुरु हुँदै गर्दा वडाअध्यक्षहरुले परीक्षा रोकेका थिए ।

हेटौंडा उपमहानगरपालिकाले शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि-२०८१ पारित भइसकेको सन्दर्भमा करार शिक्षक छनोटको अन्तिम चरणको प्रक्रिया सुरु हुनै लाग्दा हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा निर्धारण गरिएको परीक्षा केन्द्रमा पुगेर वडाअध्यक्षहरुले रोकेका थिए । हेटौंडा-६, १५ र १६ नम्बर वडाअध्यक्षहरु क्रमशः विष्णुबहादुर दाहाल, सुनिल मोक्तान र रामकृष्ण कोइरालाले परीक्षा रोकेका थिए । १६ नम्बर वडाअध्यक्ष हेटौँडा उपमहानगरपालिकाको सामाजिक विकास समितिको संयोजक समेत हुनुहुन्छ ।

वडाअध्यक्षहरुले रोकेको परीक्षा शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि-२०८१ विपरित सञ्चालनको तयारी भइरहेको बुझिएको छ । कार्यविधिमा विज्ञ छनोटको जिम्मेवारी शिक्षा विकास महाशाखा प्रमुखलाई हुने व्यवस्था छ । कार्यविधि विपरित गोला गरेर शिक्षक छनोट समितिमा विज्ञ मनोनित गर्ने बताइएको छ । शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि-२०८१ लागु भएपछि अन्तिम पटकका लागि परीक्षा हुन लागेको हो ।

आज शुक्रबार प्रारम्भिक बालविकास कक्षा र प्राविधिक विषयका शिक्षक छनोटको परीक्षा सञ्चालन हुँदैछ भने भोलि शनिबार प्राथमिक, निमावि र मावि तहको शिक्षक छनोटका लागि परीक्षा हुँदैछ । शिक्षक छनोटको परीक्षा हेटौंडा-२ स्थित सिद्धार्थ माविमा हुनेछ । हेटौँडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका प्रमुख सीताराम कोइरालाले शुक्रबार र शनिबार शिक्षक छनोटको परीक्षा हुने जानकारी दिनुभयो । शिक्षा महाशाखाले बुधबार मौखिकरुपमा शुक्रबार र शनिबार परीक्षाको मिति तय गरिएको विद्यालयका प्रधानाध्यापकहरुलाई जानकारी गराएको एक प्रधानाध्यापकले जानकारी दिए ।

असार २९ गते शनिबार हेटौँडा-४ स्थित श्रमिक मावि र भुटनदेवी मावि, हेटौँडा-६ स्थित कृष्ण प्रावि, हेटौँडा-९ स्थित प्रगति माविमा एक एकजना बालविकास सहयोगी कार्यकर्ता, हेटौँडा-३ स्थित बालउज्वल मावि, हेटौँडा-१८ स्थित कालिदेवी प्रावि, हेटौँडा-१५ स्थित चुरियामाई मावि र विश्वज्योति माविमा प्रावि शिक्षक एक एकजना नियुक्तिका लागि परीक्षा हुँदै थियो । यस्तै हेटौँडा-४ स्थित भुटनदेवी माविमा सिभिल इन्जिनियरिङ र हेटौँडा-१६ स्थित जनप्रिय माविमा बालीविज्ञान विषयका लागि प्रशिक्षक नियुक्ति र हेटौँडा-१४ स्थित भृकुटी माविमा लेखापाल नियुक्तिका लागि परीक्षा लिने तयारी हुँदै गर्दा वडाअध्यक्षहरुले परीक्षा रोकेका हुन् ।

उपमहानगरपालिकाले शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि कार्यान्वयनको प्रक्रिया अगाडि बढाएकै कारण गत बैशाख महिनादेखि नै शिक्षक नियुक्तिका लागि सूचना गरेका विद्यालयहरुले कार्यविधिले अन्तिमपटकका लागि भनेर एकैपटक परीक्षा सञ्चालन गर्ने भनेपछि शिक्षक छनोटको परीक्षा समेत ढिलो गरी भएको थियो ।

## कांग्रेसको योजनामा एमालेको असहमति



समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकार विस्तारमा नेपाली कांग्रेसमा देखिएको किचलो र मुख्यमन्त्रीले बिना विभागीय मन्त्री नियुक्तिको प्रयासप्रति सत्ता साझेदार दल एमालेले असहमति जनाएको छ । प्रदेशको १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त गर्ने कांग्रेसको तयारीका विषयमा एमालेले असहमति जनाएको हो ।

मुख्यमन्त्री लामाले साझेदार दलसँग सल्लाह नै नगरी मन्त्रीमण्डल विस्तार गर्ने तयारी गरेको भन्दै एमालेले असहमति जनाएको छ । एमालेले मन्त्रालयभन्दा बढी मन्त्री नियुक्त गर्न नहुने बताएको थियो । प्रदेश प्रमुखको कार्यालयमा आएका एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले मन्त्रालय थप गर्न नहुने भन्दै कांग्रेसले आफ्नो समस्या सल्टाएर सरकारलाई पूर्णता दिनु पर्ने बताउनुभयो । सल्लाह नै नगरी मन्त्री थप्ने कांग्रेसको निर्णय स्वीकार गर्न नसक्ने भन्दै उनी प्रदेश प्रमुख कार्यालयबाट बाहिरिएका थिए ।

मन्त्रालय बढाउने निर्णयको विपक्षमा रहेको एमालले बाहरिएपछि कांग्रेस नेता तथा सांसदहरु अलमलमा परेका थिए । सो लगत्तै कांग्रेस संसदीय दलका नेतासहित एमालेका नेताहरु सहमतीका लागि छलफलमा जुटेका थिए । छलफलमा सहमती जुट्न नसकेपछि मन्त्रीहरुको सपथ ग्रहण रोकीएको थियो ।

त्यसअघि प्रदेश सरकारमा एमालेका ६ मन्त्रीले जिम्मेवारी सहित सपथ ग्रहण गरी पदभार ग्रहण गसिकेका छन् । एमालेबाट कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठ, भौतिक पूर्वाधार विकास मन्त्री अमनकुमार मास्के, स्वास्थ्य मन्त्री किरण थापा, वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवाल, श्रम रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जन र सुकमाया तामाङ नियुक्त भइसकेका छन् ।



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सम्पादकीय

## हवाई दुर्घटनामा चासो

सडकमा गुड्ने सवारी दुर्घटनाका समाचार नेपालीका लागि सामान्य भइरहेको छ । दिनहुँ सवारी साधन दुर्घटनाबाट मानिसको मृत्यु भएको समाचार सुनिरहेका कारण यस्ता समाचार सामान्य बन्ने गरेको हो । दुई साताअघि करिब ६० जना यात्रुसहित नारायणगढ-मुग्लिन सडकखण्डको सिमलतालको पहिरोमा परेर त्रिशूलीमा खसेर बेपत्ता भएको बस अझै फेला नपर्दा पनि त्यति चासो र चिन्ता दिइएको छैन । तर, बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमै भएको हवाई दुर्घटनाको समाचार असामान्य बन्यो । मुलुककै सबैभन्दा ठूलो र सुविधासम्पन्न अन्तर्राष्ट्रिय विमानस्थलमा बुधबार भएको सौर्य एयरलाइन्सको हवाइजहाज दुर्घटनाले धेरैलाई दुःखी र चिन्तित बनायो भने एक प्रकारको खैलाबैला नै भयो । काठमाडौंबाट बुधबार बिहान ११:११ मा पोखराका लागि उडेको ९ एन-एएमई सीआरजे विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेलगत्तै विमानस्थल परिसरभित्रै दुर्घटना भएको थियो । दुर्घटनामा परेर १८ जनाको मृत्यु भएको छ भने पाइलटलाई घाइते अवस्थामा उद्धार गरेर उपचार भइरहेको छ ।

धेरै नेपालीको पहुँचमा रहेको सडक यातायात हो । सडकमा गुड्ने सवारी साधन दैनिक एक सयको संख्यामा दुर्घटना हुने गरेका छन् । सवारी दुर्घटनाबाट औसतमा दैनिक ७ जनाभन्दा बढीको ज्यान गइरहेको छ । तर, सडकमा हुने सवारी दुर्घटनालाई सरकारले गम्भीर रुपमा लिने गरेको छैन । यसको सट्टा वर्षमा एक-दुई पटक हुने हवाई दुर्घटनामा भने सरकारी चासो र चिन्ता बढी नै देखिने गरेको छ । बुधबारको हवाई दुर्घटनापछि प्रधानमन्त्री स्वयम् दुर्घटनास्थल र घाइते पाइलटलाई भेट्न अस्पताल पुगे । दुर्घटना छानविनका लागि ५ सदस्यीय आयोग बनाइयो । त्यतिमात्र नभई दुर्घटनाबाट मृत्यु भएकाको शोकमा बिहीबार आधा झण्डा झुकाउने निर्णय सरकारले गर्‍यो । तर, दुईवटा बस एकै पटक ६० जनाभन्दा बढी यात्रुसहित त्रिशूलीमा खसेर बेपत्ता हुँदासमेत सरकारले कुनै शोक मनाउन आवश्यक ठानेन । यसले पनि सरकारले हवाई दुर्घटनालाई बढी चासो र महत्व दिने गरेको स्पष्ट हुन्छ ।

नेपालमा ठूला-साना हवाई दुर्घटना भइरहेका कारण नेपाली आकाश सुरक्षित नरहेको देखिन्छ । बुधबारको दुर्घटनाले फेरि एकपटक हवाई सुरक्षाको बारेमा चर्चा सुरु भएको छ । बुधबारको दुर्घटना अन्य दुर्घटनाभन्दा फरक देखिएको छ । दुर्घटना भएको हवाइजहाज सी-चेक (पूर्ण परीक्षण)का लागि पोखरा लगिँदै थियो । निश्चित अवधि उडान गरेपछि गरिने यस्तो परीक्षणमा लैजान लागेको जहाजमा त्यति धेरै मानिस किन चढे भन्ने गम्भीर प्रश्न उब्जेको छ । यस्तो जहाजमा चालक दलका सदस्य र ३-४ जना प्राविधिक कर्मचारीमात्र रहनुपर्नेमा गैरकर्मचारी र बालकसमेत रहेको पाइएको छ । यसले विमान कम्पनी र नेपाल नागरिक उड्डयन प्राधिकरणको चरम लापरबाही देखिएको छ । विमानस्थल परिसरमै भएको दुर्घटना भई आगो लागेको जहाजको आगो निभाउन धेरै समय लागेको भन्दै आलोचनासमेत भइरहेको छ ।

हरेक पटकको हवाई दुर्घटनामा सरकारले छानविन समिति बनाउँछ । समितिले छानविन गरेर प्रतिवेदन पनि दिन्छ । तर, सरकारले त्यस्ता अधिकांश प्रतिवेदन कार्यान्वयन त के सार्वजनिकसमेत गर्दैन । अन्तर्राष्ट्रिय जगतलाई देखाउनकै लागि औपचारिकता प्रदान गरेर छानविन समिति बनाउँदैमा नेपालको हवाई सेवालाई सुरक्षित बनाउन सकिँदैन । समितिले दिएको प्रतिवेदनका सुझावलाई सरकारले लागू गर्नुपर्छ । जसले भविष्यमा दुर्घटना न्यूनीकरणमा सहयोग पुग्न सक्छ । अधिकांश दुर्घटनाको कारण मानवीय त्रुटी, जहाजमा आउने प्राविधिक समस्या र खराब मौसम हुने गरेका छन् । बुधबारको दुर्घटनाको छानविनका लागि गठन भएको समितिले अवश्य पनि दुर्घटनाको कारणसहित प्रतिवेदन बुझाउने नै छ । तर, त्यो प्रतिवेदन पनि एउटा कर्मकाण्डी प्रक्रियामात्र नबनोस् । हवाई दुर्घटनालगत्तै सरकारले देखाउने चासो र चिन्ता अन्य समयमा पनि हवाई सेवाको नियमनमा देखियोस् । हवाई सुरक्षाजस्तो संवेदनशील विषयमा सरकारले परिणाममुखी काम गरेर नेपाली आकाश सुरक्षित रहेको विश्वास दिलाउन सकोस् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आर्थिक अवस्थामा सुधार हुने समय छ ।
**वृष** : उन्नतिको पथमा अगाडि बढिने समय योग छ ।
**मिथुन** : धन खर्च बढ्ने समय योग रहेको छ ।
**कर्कट** : स्वास्थ्य समस्यामा सुधार आउने समय छ ।
**सिंह** : प्रतिष्ठा र कार्यक्षमतामा समय व्यतित होला ।
**कन्या** : प्रकृतिमा आनन्द मनाइने समय योग छ ।
**तुला** : राम रमाइलोमा समय व्यतित हुने समय छ ।
**वृश्चिक** : दाम्पत्य सुखमा रमाइने समय योग छ ।
**धनु** : हाँके/ताकेका काममा समय व्यतित हुने छ ।
**मकर** : बोली प्रभावपूर्ण बन्ने समय योग छ ।
**कुम्भ** : भेटघाटमा जुट्ने अवसर मिल्ने समय छ ।
**मीन** : धार्मिक कामबाट आत्मा शान्ति प्राप्त हुने योग छ ।

# प्रयोगविहिन प्रयोगशाला बनिरहेको शिक्षा क्षेत्र



कैलाश धिताल

निरङ्कुश र दमनकारी कहलिएको राणा शासनको उदय बिसं १९०३ मा भयो । जङ्गबहादुर राणाले पहिलो पटक सत्तारोहण गरेपछि उनको बेलायत भ्रमण सम्पन्न भयो । जसले नेपालमा शिक्षाको बिजारोपण गरेको इतिहास पाइन्छ । बिसं १९१० आश्विन २७ गते थापाथलीको दाखचोकमा उनले अंग्रेजी प्रारम्भिक विद्यालयको स्थापना गरे । यो विद्यालय सुरुमा अंग्रेजी प्राथमिक पाठशालाको नामबाट चिनिए पनि पछि विभिन्न दरबारमा सञ्चालन भएकोले यसको नाम दरबार स्कूल रहन गयो । यो विद्यालय सुरु गर्नुको पछाडी जङ्गबहादुरको एकमात्र ध्येय थियो त्यो आफ्ना छोरालाई शिक्षित बनाई अंग्रेजसँग सम्बन्ध विस्तार तथा मजबुत बनाउने । यसलाई व्यवस्थित गर्न भन्दै जङ्गबहादुरले आफ्ना ठाइँला छोरा डाइरेक्टर हुनेगरी बिसं १९१५ मा शिक्षा विभागको स्थापना गरे ।

समयक्रमसँगै नेपालमा राणा बिरोधी गतिविधि बढ्न थाल्यो । राणा परिवारभित्रको आन्तरिक किचलो, आम नागरिकको चेतनास्तरमा वृद्धि अनि भूमिगत रुपमा सक्रिय राजनीतिक दलको अहम् भूमिकाले राणाशासन ढाल्नका लागि योगदान दियो । नेपाली कांग्रेसको बैरगनिया कन्फेरेंसले राणा शासन ढाल्नकै लागि मुक्ति सेना खडा गर्यो र देशव्यापी सशस्त्र आन्दोलनको घोषणा गर्यो जसले गर्दा राणा शासनको उधोगति सुरु भयो । बिसं २००७ सालमा भारतका तत्कालिन प्रधानमन्त्री जवाहरलाल नेहरुको मध्यस्थतामा राजा, नेपाली कांग्रेस र राणा बीचमा सम्झौता भई बिसं २००७ फागुन ७ गते देशमा प्रजातन्त्रको उदय भयो । यससँगै देशको हरेक क्षेत्रले प्रगति गर्नेमा आम जनता विश्वस्त भएको पाइन्छ । बिसं २००७ सालमा देशमा प्राथमिक विद्यालयको संख्या ३२१, हाइस्कूल संख्या ११ र एक त्रिचन्द्र कलेज मात्र रहेको पाइन्छ ।

नेपालमा पहिलो पटक आवधिक योजनाको सुरुवात बिसं २०१३ सालमा भयो । शिक्षा क्षेत्रलाई "शिक्षाको प्रचार" नाम दिई कुल ३३ करोड बजेटको ५.७५ प्रतिशत अर्थात् १ करोड ९० लाख रुपैयाँ बजेट बिनियोजन गरियो । सो योजनाले नर्मल स्कूल, कलेज अफ एजुकेशन र त्रिभुवन विश्वविद्यालय स्थापनाको लक्ष्य बोकेको देखिन्छ । त्यस्तै दोश्रो त्रिबर्षीय योजनामा शिक्षामा कुल बजेटको ६.६७ प्रतिशत बजेट समावेश भएको देखिन्छ । चालु १५ औं पन्चबर्षीय योजनासम्म आइपुग्दा शिक्षा क्षेत्रको हित गर्नका लागि भन्दै निकै राम्रा अनि लोकप्रिय कार्यक्रम समावेश भएको पाइएको छ । तर, नतिजा भने उस्तै छ पन्ध्रौ योजनाको अन्त्यसम्म १५ बर्ष माथिको जनसंख्याको साक्षरता दर ५८ प्रतिशत पुगेको छ भने १५ देखि २४ बर्ष उमेरको समुहका युवा साक्षरता दर ८५ प्रतिशत पुगेको देखिन्छ भने २०७८ सालको जनगणनाको तथ्यांकलाई आधार मान्ने हो भने ७६.२ प्रतिशत साक्षरता दर देखिन्छ ।

शिक्षा क्षेत्र सुधार गर्न भन्दै नेपालमा लाहाचोक परियोजना, महिला शिक्षा परियोजना, रेडियो शिक्षा शिक्षण परियोजना, ग्रामिण विकासका लागि सेती शिक्षा परियोजना, जनसंख्या शिक्षा परियोजना लगायत अरु १५ वटा परियोजना संचालनमा आएको देखिन्छ । त्यस्तै २००७ देखि हालसम्म विभिन्न शिक्षा आयोगहरु गठन भएँ बिसं २००८ सालमा गठित बुच कमिशनको प्रतिवेदनमा शिक्षा मन्त्रालयको संगठनमा पनि सुधार गर्न भन्दै बिसं २००९ मा शिक्षा समिति गठन गरियो र सोहि सालको चैत्रमा रुद्रराज पाण्डेको अध्यक्षतामा २० सदस्यीय शिक्षा बोर्डको गठन भयो । बिसं २०१० चैत्र ९ गते गठित राष्ट्रिय शिक्षा योजना आयोगले २०११ सालमा चार भाग र २० परिच्छेदको प्रतिवेदन पेश गरेको देखिन्छ । यो आयोगले नेपालको शिक्षा सुधार गर्नका लागि शिक्षा देशव्यापी हुने, शिक्षा राष्ट्रिय हुने, शिक्षा निःशुल्क हुने, शिक्षाको अबधि बेग्लाबेग्लै हुने र शिक्षा रोजगारमुलक हुने भनी विशिष्ट लक्षणहरु औंल्याएको थियो ।

बिसं २०१८ मा सर्वांगिण राष्ट्रिय शिक्षा समितिको गठन भयो । यसले शिक्षाको संरचना ५+६+३ हुनुपर्ने, विद्यालयको पुनर्गठन हुनुपर्ने, देशभार एकै पद्दतिको शिक्षा लागु हुनुपर्ने, प्राथमिक शिक्षालाई देशभर निःशुल्क एवम् अनिवार्य बनाउनुपर्ने, प्राविधिक र व्यावसायिक शिक्षामा ध्यान दिनुपर्ने लगायतका सुझाव दिएको पाइन्छ । त्यसको ठिक १० बर्षपछि राष्ट्रिय शिक्षा पद्दतिको योजना गठन भई यसलाई लागु गरियो । यसले शिक्षाको संगठनलाई प्रथम तह, दोश्रो तह र तेश्रो तह भनेर विद्यालय शिक्षालाई वर्गीकरण गरेको देखिन्छ भने प्रौढ शिक्षा, विद्यालय तहको पाठ्यक्रमको संरचना, शिक्षाको माध्यम, शिक्षकको व्यवस्थापन, पाठ्यपुस्तक, शिक्षण बिधि, परीक्षा प्रणाली र शिक्षा प्रशासनसम्बन्धी धेरै सुझाव दिएको पाइन्छ ।

यस्तै बिसं २०४७ मा डा. केशर जंग रायमाझी, २०७८ मा रामहरी जोशी र २०४८ सलामी गोविन्दराज जोशीको अध्यक्षतामा गठित राष्ट्रिय शिक्षा आयोगको गठन भयो र नेपालको शिक्षा क्षेत्रमा सुधार गर्न भन्दै गठित यस आयोगले ७ वटा राष्ट्रिय शिक्षाको उद्देश्य सिफारिस गरेको पाइन्छ । त्यस्तै कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागु गर्न चाहेमा शिक्षाको राष्ट्रिय उद्देश्य र लक्ष्यसँग मेल खाएमा शिक्षा मन्त्रालयबाट स्वीकृत गराई लागु गर्न सकिने, प्राथमिक विद्यालयको व्यवस्थापन अलग्गै हुनुपर्ने, विद्यालयमा तीन तह रहने, शिक्षा सर्वसुलभ बनाउन मातृभाषामा शिक्षा दिन सकिने, माध्यमिक तहसम्म क्रमशः शिक्षा निःशुल्क गर्ने, प्रत्येक जिल्लामा कम्तिमा एक उच्च माध्यमिक विद्यालय स्थापना गर्न सकिने सरकारले शिक्षा क्षेत्रमा कुल बजेटको १५ प्रतिशत बजेट बिनियोजन गर्नुपर्ने लगायतका दिर्घकालिन महत्व राख्ने सुझाबहरु प्रदान गरेको पाइन्छ ।

यी सबै पृष्ठभूमिका आधारमा विश्लेषण गर्ने हो भने राणा शासनको अन्त्य पश्चात हालसम्म आइपुग्दा राज्यको अर्बौं लगानी शिक्षा क्षेत्रको विकासको नाममा अध्ययन गर्न भन्दै विभिन्न समिति तथा आयोगहरु मार्फत गरिएको देखिन्छ । तर यी जतिपनि आयोग र समिति गठन भए तिनीहरुले प्रदान गरेका कति सुझाव कार्यान्वयन भए ? यदि कार्यान्वयन नहुनु थियो भने राज्यको अर्बौं लगानी किन भयो ? यो अनुत्तरित प्रश्न हो । देशमा शिक्षा सुधारको नाममा यदि प्रयोग नै गर्नु थिएन भने किन बनाइए त्यत्रा प्रयोगशालारुपी आयोग ? किन बनाइए समिति तथा बोर्ड ? राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८-२०३२ ले दिएका सुझाव समयानुकुल लागु गर्न सकिएको थियो भने शिक्षाको अवस्था पक्कै पनि सुधारिएको हुन्थ्यो । तर समस्या त के छ भने आयोग बन्छ, आयोगले सुझाव दिन्छ तर त्यो सुझाव कार्यान्वयन गर्दै गर्दा सत्तामा बस्नेलाई कहाँ कति कसरी फाइदा पुग्छ ? शिक्षा प्रशासन हेर्नेलाई कहाँ कसरी कस्तो लाभ पुग्छ ? हेरेर इन्ट्रेस्ट अफ कन्फ्लिक्टको आधारमा निर्णय लिइन्छ । त्यतिमात्र होइन कानुन समयानुसार परिवर्तन हुनुपर्दछ आवश्यक परे नयाँ कानुन निर्माण पनि गर्नु पर्दछ । तर शिक्षा क्षेत्र जस्तो संवेदनशील क्षेत्रलाई देशका असंवेदनशील नेतृत्वले मजाक बनाएको पाइन्छ । त्यसैले राजनीतिक नेतृत्वको इन्ट्रेस्ट अफ कन्फ्लिक्ट नमिलेकै कारण लामो समयदेखि शिक्षा ऐन आउन नसकेको बुझिन्छ ।

देशमा धेरै सरकार परिवर्तन भए तरपनि शिक्षा क्षेत्रले भोग्नु परेको समस्या जहाँको त्यहिँ छ । अझै पनि शिक्षा सर्वसुलभ बन्न सकेको छैन । सरकार केन्द्र मात्र देखिरहेको छ हुम्ला, जुम्ला, डोल्पा, जाजरकोट सरकार देख्न चाहँदैन । कागजमा लक्ष्यहरु प्राप्त भएको देखिन्छ तर एसईई, कक्षा १२ को परीक्षा, स्नातक तहको परीक्षा र स्नातकोत्तर तहको परीक्षाको नतिजा विश्लेषण गर्ने हो भने शिक्षाको नाममा जति आयोग (प्रयोगशाला) बनाइयो त्यसले नतिजा सुधार गर्न सकेको देखिन्न । हाल देशको युवा जनशक्ति उच्च शिक्षा अध्ययनको नाममा बार्षिक रुपमा लाखौं सख्यामा बाहिरिएको तथ्य जगजाहेर छ । शिक्षालाई व्यवहारिक र सीपमुलक बनाउने नाममा बाँडिएका सम्बन्धहरुलाई व्यवस्थित अनि व्यवहारिक बनाउन सकिएको भए, विद्यालयको हार्डवेयरसँगै सफ्टवेयरको पाटो पनि समय सापेक्ष सुधार गर्दै लागिएको भए, दलगत शिक्षक संगठनमा पहिलेनै अंकुश लगाइएको भए, बढुवाको लागि मात्र हुने कार्यमूलक अनुसन्धानलाई रोक लगाइएको भए, शिक्षामा करिब २१ प्रतिशत बजेट बिनियोजन गरेको भए, शिक्षा क्षेत्रमा दिवाखाजा र अन्य नाममा हुने नीतिगत भ्रष्टाचार बेलैमा रोक्न सकिएको भए, विद्यालय व्यवस्थापन समितिको नाममा हुने कार्यकर्ता भर्ति बेलैमा रोक्न सकिएको भए, पूर्णशिक्षक दरबन्दी प्रदान गर्न सकिएको भए, शिक्षा निशुल्क गर्न सकिएको भए, यो देश एसियामै एक दरिलो शैक्षिक गन्तब्य अवश्य बन्ने थियो । जसले मानव विकासमा अपेक्षित सुधार ल्याउन सक्ने देखिन्छ । यदि हिजोका दिनमा प्रयोगका लागि भनेर बनाइएका आयोग, समिति (प्रयोगशाला) हरूलाई स्वायत्त छाडी तिनले प्रदान गरेका सुझावहरुलाई क्रमबद्ध रुपमा कार्यान्वयनको पाटोमा लागिएको थियो भने ति प्रयोगशालाले आज राम्रो नतिजा दिनेमा दुईमत छैन ।

नेपालको शिक्षा क्षेत्रलाई प्रयोगविहीन प्रयोगशाला अझै कति समय बनाउने हुन् भन्ने कुरा आम शिक्षित समुदायको टड्कारो चिन्ताको विषय बनिरहेको छ ।

*(लेखक बारा जिल्लाको निजगढ नगरपालिका-६, स्थित विद्यासागर इंग्लिस बोर्डिङ स्कूलका शिक्षक हुनुहुन्छ ।)*

# पोलियो कस्तो रोग हो, किन लगाउनुपर्छ खोप ?

काठमाडौंको टुकुचा-बागमती संगम नजिकबाट संकलन गरिएको ढलको नमुना परीक्षण गर्दा स्वरूप परिवर्तित भएको पोलियो भाइरस भेटिएको थियो । पोलियो जीवाणु भेटिएपछि काठमाडौं, ललितपुर र भक्तपुरमा पोलियो विरुद्धको विशेष खोप अभियान सञ्चालन भइरहेको छ ।

पोलियोको एउटा परिवर्तित स्वरूप टाइप '३' को जीवाणु भेटिएको हो । पाँच वर्षमुनिका बालबालिकालाई अनिवार्य पोलियो विरुद्धको खोप लगाउनुपर्ने परिवार कल्याण महाशाखा अन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतम बताउँछन् ।

पोलियो खोप लगाउनु किन जरुरी छ ? पोलियो विरुद्धको खोपको प्रभावकारिता कस्तो छ ? लगायत विषयमा डा. गौतमसँग अनलाइनखबरकर्मी सुमित्रा लुईटेलले गरेको कुराकानीको सम्पादित अंश :



डा.अभियान गौतम



**कस्तो रोग हो पोलियो ?**

पोलियो भाइरसद्वारा लाग्ने रोग हो । यो मुख्य रुपमा व्यक्ति-व्यक्तिबीचको सम्पर्कद्वारा फैलिन्छ । संक्रमित व्यक्तिको दिसा-पिसाब समावेश खाना वा पेय पदार्थको सेवनबाट फैलिने गर्छ । पोलियोले मूलतः पाँच वर्षमुनिका बालबालिकालाई असर गर्छ ।

पोलियो भाइरस पी १, पी २, पी ३ गरी तीन प्रकारका हुन्छन् र तीनवटै प्रकारका भाइरसबाट पोलियो रोग हुनसक्छ । पोलियो संक्रामक रोग हो, जसलाई फिकोरलुट भनिन्छ ।

पोलियो भाइरसले पहिले आन्द्रालाई संक्रमित गर्छ । जसकारण फ्लु जस्तो लक्षण देखिने गर्छ । यसपछि संक्रमणले मस्तिष्क र मेरुदण्डलाई असर गर्छ । पोलियो भाइरसबाट संक्रमण भएको व्यक्तिलाई पक्षघात हुनसक्छ र पक्षघात भएपछि निको हुँदैन । यो रोगबाट मृत्यु पनि हुनसक्छ ।

**पोलियोको लक्षण के-कस्ता हुन्छन् ?**

यसको ठ्याक्कै चिन्ने लक्षण पक्षघात हो । तर त्यो भन्दा अगाडि बालबालिकालाई पोलियोको संक्रमण भइसकेपछि सामान्यतया ज्वरो आउने, पखाला लाग्ने, जीउ दुख्ने, थकान महसुस हुने, रुघाखोकी लाग्ने जस्ता लक्षण बारम्बार देखिने गर्छन् ।

**पोलियो थोपा र पोलियो खोप दुई फरक कुरा हो ?**

नेपालमा पोलियो रोग विरुद्ध दुई किसिमका खोप उपलब्ध छन् । एउटा ओपीभी मुखबाट खुवाइने 'पोलियो थोपा' पोलियो रोग विरुद्धको खोप हो । नियमित खोप कार्यक्रम मार्फत पोलियो थोपा बच्चा जन्मेको ६, १० र १४ हप्तामा जम्मा तीन पटक दिनुपर्छ । यसको अतिरिक्त

...बाँकी पृष्ठ ३ मा

# युवा शक्तिलाई प्रयोग गरे राम्रो अवसरः सभामुख घिमिरे



*कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सभामुख देवराज घिमिरे ।*

समाज संवाददाता

हेटौँडाः प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले देशमा युवा शक्तिलाई ठीक ढंगबाट प्रयोग गर्न सकेमा अवसर प्राप्त हुने बताउनुभएको छ । बिहीबार हेटौँडामा भएको युवा सीप बर्ष तालिमको प्रमाणत्र वितरण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले चुनौतिहरु आफैँमा एउटा अवसर भएकोले चुनौतीको ठीक ढंगबाट सामना गर्न सकेमा त्यस चुनौतीलाई अवसरमा परिवर्तन गर्न सकिने बताउनुभयो ।

चुनौतीहरुको ठीक तरिकाबाट सामना गर्न सकेमा त्यसले समाजलाई आधारभूत रुपमा रुपान्तरण गर्न कठिन नहुने उहाँले बताउनुभयो । संसारको विभिन्न राष्ट्रहरुमा भएको परिवर्तन र परिवर्तनमा विभिन्न समूहका मानव समुदायहरु र युवाहरुको भूमिकालाई आफूले स्मरण गरेको उहाँले बताउनुभयो । विश्वको विभिन्न मूलूकहरुमा भएको आर्थिक, औद्योगिक, सामाजिक, साँस्कृतिक र अनेक प्रकारका चुनौतीहरुको सामना गर्नका लागि युवाहरुको संख्या, क्षमता, गुण, इच्छाशक्ति र चिन्तन कस्तो भन्ने कुराको पनि मूल्यांकन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

युवा पिढीलाई निश्चित दिशामा ल्याउनका लागि धेरै दायित्वहरु बढिरहेको उहाँले बताउनुभयो । देशको जनसंख्याको तथ्यांकलाई हेर्दा बिसं २०४७ सालमा जन्मदर घट्दै गएको तथ्यांकमा उल्लेख रहेको उहाँले बताउनुभयो । युवाहरुको संख्या वृद्धि हुँदै आएको र युवा शक्ति उल्लेखनीय ढंगबाट ३० बर्षको अवधीमा ठूलो संख्यामा आइरहेको उहाँले बताउनुभयो । युवाहरुले राष्ट्र निर्माणका लागि निर्वाह गरेको भूमिकाले मूलुक धेरै अगाडि जाने परिस्थित देखिएको उहाँले आँकलन गर्नुभयो । युवाले राष्ट्रियताका लागि दिनुपर्ने योगदानहरु दिनुपर्ने उहाँले बताउनुभयो । उत्पादन शक्तिलाई विकास गर्ने, आत्मनिर्भर बन्ने, रोजगारीको अवसरको खोजी गर्ने र रोजगारीको अवसरलाई निरन्तर कार्यान्वयन गरेर समाजको उदाहरण बनेर देखाउनुपर्नेमा सुझाव उहाँले दिनुभयो ।

सरकारले लिएको नीतिहरु र नीतिलाई कार्यान्वयन गर्ने नीतिहरु कमि-कमजोरी भएपनि हुन सक्ने उहाँको धारणा छ । सबै युवाले सरकारको कमिकमजोरीलाई देखाउन भन्दा पनि कम्जोरीको सामना गरेर अगाडि बढ्न साहस गर्नुपर्ने उहाँले बताउनुभयो । युवाहरुको काँधमा आएको दायित्वहरुलाई बोध गरेर अगाडि बढ्न सक्नुपर्नेमा उहाँले जोड दिनुभयो । बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, प्रतिनिधि सभा सदस्य तथा सत्तारुढ दलका प्रमुख सचेतक महेशकुमार बर्तौला, बागमती प्रदेश सभा सदस्य ईन्द्रबहादुर बानियाँ, जगन्नाथ थपलिया, एकालाल श्रेष्ठलगायतको आतिथ्य रहेको थियो ।

आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रदेश युवा परिषद्ले आयोजना गरेको विभिन्न सीपमूलक तालिममा सहभागीलाई प्रमाणपत्र समेत वितरण गरिएको छ । परिषद्ले गत आर्थिक वर्षमा झण्डै ४ हजार जनालाई सीपमूलक तालिम प्रदान गरेको छ ।

## २ नम्बर वडा बालमैत्री घोषणा हुने

समाज संवाददाता

हेटौँडाः पर्सी शनिबार (साउन १२ गते) हेटौँडा उपमहानगरपालिका २ नम्बर वडा बालमैत्री वडा घोषणा हुने भएको छ । नगरप्रमुख मीना कुमारी लामाले वडालाई बालमैत्री वडा घोषणा गर्ने कार्यक्रम तय भएको वडाअध्यक्ष विष्णुगोपाल महर्जनले जानकारी दिनुभएको छ ।

यसअघि हेटौँडा उपमहानगरपालिकाको ८ नम्बर वडा बालमैत्री घोषणा भइसकेको छ । बालमैत्री वडा घोषणाका लागि पूरा गर्नुपर्ने ५१ वटा सूचकका आधारमा बालमैत्री वडा घोषणा गर्न तयारी पूरा भएकोले शनिबार बालमैत्री वडा घोषणा कार्यक्रम राखिएको वडाअध्यक्ष महर्जनले जानकारी दिनुभयो । बिहिबार पत्रकार सम्मेलन गरेर बालमैत्री वडा घोषणासम्बन्धमा वडाले जानकारी गराएको हो ।

२०७९ सालको सर्वेक्षणअनुसार २ नम्बर वडामा एक हजार आठ सय ११ जना १८ बर्ष भन्दा कम उमेरको जनसंख्या रहेको उल्लेख गर्नुहुँदै वडाअध्यक्ष महर्जनले भन्नुभयो, "बालमैत्री वडा घोषणाको तयारीका क्रममा १९ वटा बालसमूह र एउटा वडा बालसञ्जाल गठन गरिएको छ । बालबालिकाको संरक्षण र उचित विकासका लागि वडाले आगामी दिनमा पनि आवश्यक लगानी बढाउनेछ ।" पत्रकार सम्मेलनमा वडा सदस्य सुरज बर्तौला, वडा सचिव रामप्रसाद गुरागाई, बालमैत्री नगर सहजकर्ता सपना ढुंगाना, बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका प्रिन्सीपल विनोद सुवेदीको पनि उपस्थिति रहेको थियो ।

# बिएससी फरेष्ट्रीको लागि आवेदन खुल्यो

समाज संवाददाता

हेटौँडाः त्रिभुवन विश्वविद्यालय वन विज्ञान अध्ययन संस्थान हेटौँडा क्याम्पसले वन विज्ञानमा स्नातक तह (बिएससी फरेष्ट्री) को लागि आवेदन खोलेको छ । अध्ययन संस्थानले बुधबारदेखि भदौ १२ गतेसम्म बिएससी फरेष्ट्री अध्ययन गर्नेहरुका लागि आवेदन खोलेको हो ।

क्याम्पसमा बिएससीका लागि ८२ जना विद्यार्थीको कोटा निर्धारण भएको वन विज्ञान अध्ययन संस्थान हेटौँडा क्याम्पसका प्रमुख शिवप्रसाद मानजनले जानकारी दिनुभयो । पहिले अध्ययन संस्थानले ८० जना विद्यार्थीको कोटा खोल्ने गरेकोमा यसवर्ष विदेशी विद्यार्थीका लागि भनि दुईवटा कोटा थप गरेको उहाँले बताउनुभयो ।

क्याम्पसमा बिएससी प्रथम वर्षमा ७९ जना विद्यार्थी अध्यनरत छन् । दोस्रो वर्षमा ७३ जना, तेस्रो वर्षमा ७६ जना र चौथो वर्षमा ७७ जना विद्यार्थी अध्ययन गरिरहेका क्याम्पस प्रमुख मानजनले बताउनुभयो । साथै यसवर्ष स्नातक तहबाट ७६ जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

पहिलेभन्दा बिएससी फरेष्ट्री अध्ययनका लागि आवेदन दिने विद्यार्थी कम हुँदै गएको बताइएको छ । पहिले बिएससी पढ्न ३ हजार जनाले आवेदन दिने गरेकोमा अहिले एक हजार जनाले मात्र आवेदन दिने प्रमुख मानजनले बताउनुभयो ।

बिएससी गरिरहेका विद्यार्थीहरु मेडिकलमा नाम निकालेर जाने र विदेश जाने क्रम बढिरहेको उहाँको भनाइ छ । २०८० मा एकजना विद्यार्थी ड्रप आउट भएको बताइएको छ । यस्तै, कृषि तथा वन विश्वविद्यालयले कक्षा १२ को नतिजा प्रकाशन भएपछि आवेदन खोल्ने भएको छ । विश्वविद्यालयले बिएससीका लागि ८५ जना विद्यार्थीको कोटा तोक्ने गरेको छ ।

## बागमती किनारमा शव बरामद

# मनहरीका मदनको मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बागमती गाउँपालिका-५, बगेरीस्थित बागमती खोलाको किनारमा बेवारिसे शव बरामद भएको छ । बुधबार बिहान ७ बजेर ४० मिनेटको समयमा स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । अन्दाजी २५ वर्षीय पुरुषको शवको सनाखत हुन नसकेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ । ईलाका प्रहरी कार्यालय फापरबारीबाट खटिएको प्रहरी टोलीले शवको मुचुल्का पश्चात पोष्टमार्टमका लागि हेटौँडा अस्पताल पठाएको प्रहरीले जनाएको छ ।

यस्तै मकवानपुरको मनहरी गाउँपालिका-८ का मदन दमाईको मृत्यु भएको छ । मनहरी-८, ज्यामिरेका ५३ बर्षीय मदन दमाई मंगलबार बेलुकी श्रीमतिलाई झाँक्रीकोमा पुर्याएर फर्कने क्रममा अटोमै बेहोस भएका थिए । मनहरी-७ निर्मलबस्तिस्थित राजकुमार कामीको घरमा श्रीमती बिरामी भई झारफुक गराएर ना २ ह ३१३ नम्बरको अटोमा घर फर्कने क्रममा बेहोस भएका मदनलाई उपचारका लागि मनहरी अस्पताल लगिएको थियो । मदनको उपचारको क्रममा मृत्यु बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

# शिक्षकहरुको लिखित परिक्षा साउन १३, १४ र १५ गते हुने

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिकाले शिक्षक बैंकका लागि खुल्ला गरेको आवेदनको लिखित परीक्षा १३, १४ र १५ गते हुने भएको छ । ७० जना शिक्षकका लागि गाउँपालिकाले माग गरेको आवेदनमा १ सय २८ जनाले दोस्रो चरणको लिखित परीक्षा दिनेँ गाउँपालिकाका शिक्षा शाखाका प्रमुख आइतराम तामाङले जानकारी दिनुभयो । गाउँपालिकाले ५० जना प्रावि शिक्षक, १०-१० जना निमावि र मावि विषय गत शिक्षकका लागि आवेदन खुलाएको थियो । ७० शिक्षक पदका लागि ४ सय ४५ जनाले आवेदन दिएका थिए । आवेदन दिएकामध्ये पहिलो परीक्षा जेठ २५ गते संचालन भएको थियो । जसमा प्राविबाट ७९ जना, निमाविबाट २५ जना र माविबाट २४ जना गरी १ सय २८ जना दोस्रो परीक्षाका लागि सफल भएको शिक्षा शाखा प्रमुख तामाङले जानकारी दिनुभयो । दोस्रो चरणको लिखित परीक्षाअन्तर्गत मावि तहको परीक्षा साउन १३ गते, निमावि तहको परीक्षा साउन १४ गते र प्रावि तहको परीक्षा साउन १५ गते संचालन हुनेछ । गाउँपालिका अन्तर्गतको विद्यालयमा अहिले गणित र विज्ञानका २५ जना शिक्षक आवश्यक रहेको जनाएको छ ।

गाउँपालिकाले कुनै विषयको शिक्षक विदामा बस्नुपर्दा र उपस्थित हुन नसकेको समयमा पनि विद्यार्थीको पठनपाठन र परीक्षा प्रभावित नहोस् भन्ने उद्देश्यले शिक्षक बैंक स्थापना गर्न लागेको जनाएको छ । गाउँपालिकाले आवेदकको परीक्षा लिएर उत्तीर्णहरुमध्येबाट शिक्षक प्रतिक्षा सूची तयार गर्ने र विद्यालयमा कार्यरत शिक्षक लामो समय बिदामा बस्दा बिदा अवधिभर उक्त प्रतिक्षा सूचीमा सूचीकृत शिक्षकलाई गाउँपालिकाले खटाउने शिक्षा शाखा प्रमुख आइतराम तामाङले बताउनुभयो । बकैया गाउँपालिकामा ५३ वटा प्राथमिक विद्यालय, ११ वटा निम्न माध्यमिक र १२ वटा माध्यमिक तहका विद्यालय छन् । चालु शैक्षिक सत्रमा बकैया गाउँपालिकाका ७६ वटा विद्यालयमा ८ हजार ३ सय ८३ जना विद्यार्थी अध्ययनरत छन् ।


## कर्मचारी आवश्यकतासम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशितमिति २०८१/०४/११*

उपरोक्त सम्बन्धमा यस ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रिक्त रहेको तपशिलमा उल्लेखित पदहरुमा पदपूर्ती गर्नुपर्ने भएकाले संस्थाको पदपूर्ति उपसमितिको मिति २०८१/०४/०९ गते बसेको बैठकको निर्णयानुसार सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र नेपाली नागरिकबाट दरखास्त आवहान गरिएको छ ।

**तपशिल**

**विज्ञापन नं. :१/०८१/०८२**

तह : पाँचौ
पद : वरिष्ठ सहायक
संख्या : १ (एक)
शैक्षिक योग्यता : स्नातक (व्यवस्थापन संकाय)
उमेर : २१ बर्ष पूरा भई ४० बर्ष ननाघेको
अन्य आवश्यक योग्यता : कम्प्युटर तालिम, दुई पाङ्ग्रे सवारी साधान र चालक अनुमतिपत्र अनुभवीलाई प्राथमिकता ।
आवेदन दस्तुर : ५००/-

**विज्ञापन नं. : २/०८१/०८२**

तह : तीन
पद : बजार प्रतिनिधि (सिग्रेनी सेवा केन्द्र)
संख्या : १ (एक)
शैक्षिक योग्यता : एसईई/एसएलसी
उमेर : १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको
अन्य आवश्यक योग्यता : कम्प्युटर तालिम, दुई पाङ्ग्रे सवारी साधान र चालक अनुमतिपत्र अनुभवीलाई प्राथमिकता ।
आवेदन दस्तुर : ३००/-

**आवश्यक कागजातहरू :** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, वायोडाटा, हस्तलिखित निवेदन, शैक्षिक तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि एक/एक थान, कम्प्युटर तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि, सहकारीसम्बन्धी अनुभव वा तालिम लिएको भए सो को प्रमाणपत्र प्रतिलिपि एक थान, २ प्रति पासपोर्ट साईजको फोटो ।

परीक्षणकाल : १ बर्ष
दरखास्त दिने अन्तिम मिति : २०८१/०४/२५ दिनको ३:०० बजेसम्म
परीक्षाको किसिम : लिखित, प्रयोगात्मक र अन्तरवार्ता
रित नपुगेका आवेदनलाई परीक्षामा सम्मिलित गराईने छैन ।
तलब तथा अन्य सुविधा : संस्थाको नियमानुसार
सम्पर्क मिति : २०८१/०४/२७ कार्यालय समयमा
सम्पर्क स्थान : संस्थाको मुख्य कार्यालय हेटौँडा-२, बुद्धचोक मकवानपुर
आवेदन स्वीकृत/अस्वीकृत गर्ने तथा विज्ञापन रद्द गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

**पदपूर्ति उपसमिति**
**ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.**
**हेटौँडा-२, बुद्धचोक, मकवानपुर**
**फोन नं. ०५७-५२४३५६**


# पोलियो कस्तो...

पाँच वर्षमुनिका बालबालिकालाई हरेक पोलियो खोप अभियानमा पनि पोलियोको दुई थोपा खुवाउनुपर्छ ।

अर्को एफआईपीभी खोप ६ र १४ हप्ताको उमेरमा सुईको माध्यमबाट दिइने खोप हो । यो खोप मुखबाट खुवाउने पोलियो खोपको अतिरिक्त दुई पटक दिनुपर्छ । एफआईपीभीले पोलियो रोग विरुद्ध लड्न थप प्रतिरोधात्मक शक्ति प्रदान गर्छ ।

अहिले दिइराखेको पोलियो खोपको थप मात्रा हो । नियमित रुपमा पहिले नै पूर्ण खोप लगाइसकेका बालबालिकाले पनि लगाउनुपर्छ ।

**पोलियो विरूद्धको खोप कति प्रभावकारी छ ?**

पोलियोको खोप अत्यन्त सुरक्षित र प्रभावकारी भएकाले आफ्ना बालबालिकालाई ढुक्कसँग खोप लगाउन सकिन्छ ।

पोलियो मात्र हैन, नेपालमा दिइने अन्य खोपहरू सुरक्षित र प्रभावकारी छन् । खोप विश्व स्वास्थ्य संगठनबाट मान्यताप्राप्त र औषधि व्यवस्था विभागबाट पनि मान्यता प्राप्त हुन्छ । त्यसैले ढुक्क भएर लगाउन सकिन्छ ।

**पोलियो विरूद्धको खोप कसले लगाउनु हुँदैन ?**

कोही बालबालिका बिरामी भएर अस्पतालमा भर्ना भइराखेका छन् र उच्च ज्वरो आइरहेको छ भने उनीहरुले तत्काल यो खोप लगाउनु हुँदैन । ज्वरो निको भइसकेपछि खोप लगाउन मिल्छ ।

क्यान्सर भएका बालबालिका र एड्सको संक्रमण भएका बालबालिकाहरुको रोगप्रतिरोधात्मक क्षमता कमजोर हुने भएकाले उनीहरूले यो खोप लगाउन मिल्दैन ।

**कुन उमेर समूह पोलियोको जोखिममा हुन्छन् ?**

पोलियोको जोखिम सबै उमेर समूहमा हुन्छ । तर पाँच वर्षभन्दामुनिका बालबालिकामा यसको उच्च जोखिम हुन्छ । पोलियो खोप नलगाएका वा पोलियो खोपको पूरा मात्रा नलगाएका बालबालिका यस रोगको उच्च जोखिममा हुन्छन् । समुदायमा एक जना बच्चालाई पनि पोलियो रोग भएमा अरू बालबालिकालाई सर्ने सम्भावना हुन्छ ।

**पोलियोको उपचार र बच्ने उपाय के छ ?**

पोलियोको कुनै पनि उपचार हुँदैन । पक्षघात भइसकेपछि यसको कुनै पनि उपचार सम्भव छैन । त्यसैले यो लाग्नबाट नै बच्नुपर्छ । यो रोगबाट सुरक्षित हुने सबैभन्दा उत्तम र प्रभावकारी उपाय नै पोलियो खोप हो । यसबाट जोगिन बालबालिकालाई राष्ट्रिय खोप तालिका अनुसार पोलियोको नियमित खोप पूर्ण मात्रामा दिनुपर्छ ।

यदि खोपको डोज छुटेमा खोपले राम्ररी काम गर्दैन र विभिन्न संक्रमणको जोखिम रहन्छ । त्यसैले पूर्ण खोपलाई अनिवार्य रुपमा लगाउनैपर्छ । यसबाट बच्न व्यक्तिगत सरसफाइ, स्वच्छ पानी र सफा खानेकुरामा विशेष ध्यान दिनुपर्छ । *(स्रोतः अनलाईनखबर)*


## शिक्षक आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०४/११*

यस जीएस निकेतन माविका लागि तपसील बमोजिम शिक्षक, कर्मचारी करारमा नियुक्त गर्नुपर्ने भएकोले तापशिलको योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

| क्रस | पद | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | माध्यमिक शिक्षक | अ. गणित | १ | मुख्य विषय गणित लिई बीए/बीएड उत्तीर्ण |
| २ | प्राथमिक शिक्षक | गणित | १ | मुख्य विषय गणित लिई १२ कक्षा उत्तीर्ण |
| ३ | प्राथमिक शिक्षक | नेपाली | १ | मुख्य विषय नेपाली लिई १२ कक्षा उत्तीर्ण |
| ४ | प्राथमिक शिक्षक | कम्प्युटर | १ | मुख्य विषय कम्प्युटर लिई १२ कक्षा उत्तीर्ण |
| ५ | कार्यालय सहायक/आइटी सहयोगी | | १ | मुख्य विषय कम्प्युटर लिई १२ कक्षा उत्तीर्ण अनुभवी दक्षलाई प्राथमिकता |

आवेदन दिने अन्तिम मिति : २०८१/५/२ गते दिनको ४ बजेसम्म
लिखित परीक्षा : २०८१/५/३ गते दिनको १ बजे
आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन र पासपोर्ट साइजको फोटो ।
आवेदन शुल्क : प्राथमिक शिक्षक/कार्यालय सहायकः १५००/-
माध्यमिक तहः २,०००/-
पाठ्यक्रमः मावि तहका लागि शिक्षक सेवा आयोगको विषयगत पाठ्यक्रम १०० अंक र प्राथमिक तहका लागि निमावि तहको सम्बन्धित विषयगत पाठ्यक्रम । कार्यालय सहायकका लागि विद्यालयले उपलब्ध गराउनेछ ।

**ज्ञानदीप शिक्षा (जीएस) निकेतन मावि**
**हेटौँडा-५, भैरवरोड**
**०५७-५२३४१५/९८५५०६९१८४/९८५५०६९२८४**

# दिवाखाजाले विद्यार्थी र अभिभावकलाई सहज

समाज संवाददाता

हेटौंडाः संघीय सरकारको अनुदानबाट हेटौंडा उपमहानगरपालिकाका सामुदायिक विद्यालयहरुले कक्षा ५ सम्मका विद्यार्थीलाई दिवाखाजा वितरण गर्दै आइरहेका छन्। विद्यालयमार्फत् प्रदान गरिएको दिवा खाजाका कारण विद्यार्थी तथा अभिभावकहरुलाई सहज बनाएको छ।

हेटौंडा उपमहानगरपालिका-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले कक्षा एकदेखि कक्षा ५ सम्म अध्ययन गर्ने ७ सय ६० जना विद्यार्थीलाई दिवा खाजा प्रदान गर्दै आएको छ। विद्यालयले विद्यार्थीहरुलाई तालिकाअनुसार स्वस्थ्य खानेकुरा वितरण गर्ने गरेको विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईले जानकारी दिनुभयो। विद्यालयले विद्यार्थीहरुलाई हलुवा, खिर, चनाआलु, भुटेको चिउरा, समोसा र जेरी पुरी खान दिने गरेको छ। गत आर्थिक वर्ष संघीय सरकारले विद्यालयलाई हेटौंडा उपमहानगर पालिकामार्फत् २१ लाख ८८ हजार र ८ सय रुपैयाँ अनुदान दिएको प्रधानाध्यापक गुरागाईले बताउनुभयो।

दिवा खाजाका कारण विद्यालयमा सकारात्मक प्रभाव परेको छ। विद्यालयले दिवा खाजा प्रदान गरेदेखि विद्यार्थीहरुको विद्यालयमा उपस्थिति बढेको प्रधानाध्यापक गुरागाईले बताउनुभयो। विद्यार्थीको हाजिरी बढेसँगै विद्यार्थीको संख्यासमेत बढेको उहाँको भनाइ छ। कक्षा १२ सम्म पढाइ हुने आधुनिक माविमा करिब २ हजार ४ सय विद्यार्थी अध्ययनरत छन्।

यस्तै, हेटौंडा उपमहानगरपालिका-४ कै भूटनदेवी माध्यमिक विद्यालयले नर्सरी कक्षादेखि ५ कक्षासम्मका ४ सय ७५ जना विद्यार्थीलाई दिवा खाजा दिँदै आएको छ। विद्यालयले विद्यार्थीहरुलाई खिर, हलुवा पाउरोटी, चिउरा तरकारी, समोसा, पास्ता तथा फलफूल प्रदान गर्दछ। विद्यालयले अनुगमन गर्नका लागि ९ जना अभिभावकलाई खाजा व्यवस्थापन समिति सदस्यमा चयन गरेको छ। यस्तै, ६ जना शिक्षकलाई दिनअनुसारको जिम्मेवारी दिने गरेको विद्यालयका प्राथमिक तहको संयोजक शिक्षक पुरुषोत्तम आचार्यले जानकारी दिनुभयो। गतवर्ष हेटौंडा उपमहानगरपालिकाले विद्यालयलाई ८ लाख २२ हजार ५ सय ४२ रुपैयाँ अनुदान दिएको छ।

विद्यालयले प्रदान गरिरहेको दिवा खाजाका कारण विद्यार्थीको विद्यालय आउने क्रम बढेको छ। धेरै विद्यार्थीको स्वास्थ्य राम्रो भएको बताउँदै आर्थिक स्थिति कमजोर भएका आभिभावकको तनाब घटेको विद्यालयका प्रधानाध्यापकले बताउनुभयो। विद्यार्थीहरु भोकै बस्ने तथा बाहिरको खाजा खाने क्रम बन्द भएको छ। विद्यार्थीहरु खाजाको अपेक्षाले पनि विद्यालय आउने गरेको आचार्यले बताउनुभयो। भूटनदेवी माविमा २ हजार ३ सय जना विद्यार्थी अध्ययनरत छन्।

# एकै दिन ११ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा आज बिहीबार ११ जनामा डेंगु पुष्टि भएको छ। स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार बिहीबार ११ जनामा डेंगु संक्रमण पुष्टि भएको हो।

डेंगु पुष्टि भएका ११ जनामध्ये ९ जना हेटौंडा उपमहानगरपालिकाका बासिन्दा रहेका छन् भने एकजना मकवानपुगढी गाउँपालिका र एकजना बकैया गाउँपालिकाका बासिन्दा रहेका छन्। चालु आर्थिक वर्ष २०८१/०८२ को साउन महिनामा मकवानपुरमा १३ जनामा डेंगु संक्रमण भएको छ। डेंगु पुष्टि हुनेमा १० जना हेटौंडा उपमहानगर पालिकाका रहेका छन्। मकवानपुरगढि गाउँपालिकाका २ जना र बकैया गाउँपालिकाका एक जनमा डेंगु पुष्टि भइसकेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ।

# बकैयाको ८ वटा माविमा अतिरिक्त कक्षा सञ्चालन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा अहिले ८ वटा विद्यालयले अतिरिक्त कक्षा सञ्चालन भइरहेको छ। गाउँपालिकाका शिक्षा शाखाका प्रमुख आइतराम तामाङका अनुसार गाउँपालिकामा रहेका १२ वटा मावि विद्यालयमध्ये ८ वटा विद्यालयले अतिरिक्त कक्षा सञ्चालन गरिरहेको हो।

अतिरिक्त कक्षा सञ्चालनमा गाउँपालिकाको कुनै पनि सहयोग नभएको उहाँले बताउनुभयो। उहाँका अनुसार परीक्षामा राम्रो नतिजा ल्याउन सफल हुने विद्यालयहरुलाई प्रोत्साहनस्वरुप सहयोग गर्ने घोषणा भएको छ। गाउँपालिकाका विद्यालयहरुमा असार २४ गतेदेखि ३१ गतेसम्म पहिलो त्रैमासिक परीक्षा सञ्चालन भएको थियो। गाउँपालिकाको शैक्षिक क्यालेण्डरअनुसार साउन १ गतेदेखि २७ गतेसम्म वर्षे विदा दिइएको छ।

गाउँपालिकाअन्तर्गत प्रावि ५३ वटा, मावि १२ वटा र ११ वटा निमावि गरी ७६ वटा विद्यालयहरु रहेका छन्। यस वर्ष गाउँपालिकाभित्रका विद्यालयहरुमा ८ हजार ३ सय ८३ जना विद्यार्थी अध्ययनरत रहेका छन्।

पालिकाका विद्यालयमा वर्षेनि विद्यार्थीको सङ्ख्या घट्दै गएको उहाँले बताउनु भएको छ। गत वर्ष पालिकाका विद्यालयमा ९ हजार ८ सय २ जना विद्यार्थी रहेका थिए। यसवर्ष करिब १ हजार ५ सय जना विद्यार्थी कम भर्ना भएको तामाङले जानकारी दिनुभयो। यो संख्या आगामी वर्षहरुमा थप घट्दै जाने देखिएको छ। जसको मुख्य कारण निजी विद्यालयमा जाने, जनसंख्या वृद्विदर घट्दै जानु, बसाइँसराइ, रोजगारी, सुविधालगायत अन्य कारण रहेको छ।

# एक वर्षमा २ सय ४५ किशोरी आमा बने

समाज संवाददाता

हेटौंडाः २० वर्ष मुनिका किशोर किशोरीहरु आमाबाबु बनिरहेका छन्। खेलेर रमाउनुपर्ने उमेरमा किशोरीहरु बच्चा जन्माइ आमा बनिरहेका छन्। किशोरीहरु आमा बनिरहँदा विभिन्न चुनौती देखिइरहेका छन्।

गत आर्थिक वर्ष २०८०/०८१ मा हेटौंडा अस्पतालमा प्रसूति सेवा लिएकामध्ये २ सयभन्दा बढि किशोरी आमा बनेका छन्। २० वर्ष मुनिका २ सय ४५ जना किशोरीहरु आमा बनेको हेटौंडा अस्पतालको तथ्याङ्कले देखाएको हो। हेटौंडा अस्पतालमा मकवानपुरमात्र नभई अन्य जिल्लाका किशोरीहरु पनि सेवा लिन आउने गरेका छन्।

गत आर्थिक वर्षको साउन महिनामा २७ जना किशोरीहरु आमा बनेका थिए। यस्तै, भदौ महिनामा २५ जना, असोज महिनामा ३३ जना र कार्तिक महिनामा २२ जना किशोरी आमा बनेका थिए।

हेटौंडा अस्पतालबाट प्रसुति सेवा लिनेमध्ये मंसिर महिनामा २३ र पुस महिनामा १२ जना किशोरीले शिशु जन्माएका हुन्। यस्तै, माघ महिनामा १६ जना, फागुन महिनामा १७ जना, चैत महिनामा २० जना, बैशाख महिनामा १९ जना र जेठ महिनामा १३ जना किशोरी आमा बनेका छन्।

गत असार महिनामा हेटौंडा अस्पतालबाट प्रसूति सेवा लिएका २ सय ४१ जनामध्ये १८ जना किशोरी रहेका छन्। एक महिनाको अवधिमा १८ जना किशोरी आमा बनेको हेटौंडा अस्पतालले जानकारी दिएको छ। अस्पतालमा सुत्केरी भएकामध्ये ७९ जना महिलाको शल्यक्रिया गरेर बच्चा निकाल्नु परेको थियो।

१० जना महिलाको जटिल अवस्थामा बच्चा निकाल्नु पर्दा एकसय ५२ जनाले सामान्य अवस्थामा बच्चा जन्माएका छन्। २ सय ४१ जना आमाहरुले एकसय २८ जना बालक र एकसय १३ जना बालिकालाई जन्म दिएका छन्। हेटौंडा अस्पतालबाट गत असारमा १५ जना महिलाले गर्भपतन गराएको अस्पतालले जनाएको छ।

# राप्तीखोलाले बगाउँदा पन्तको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० मा राप्तीखोलाले बगाउँदा एकजनाको मृत्यु भएको छ। बिहिबार बिहान १० बजेर १५ मिनेटको समयमा राप्ती खोलाले बगाएका राजु पन्तलाई उद्दार गरी हेटौंडा अस्पताल पुर्याइएको थियो। १० बजेर ४० मिनेटको समयमा डाक्टरले पन्तलाई मृत घोषित गरिदिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। पन्त हेटौंडा-१ जरुवाटोलस्थित तरकारी तथा फुलफुलको थोकबजारमा तरकारी लोड-अनलोडको काम गर्ने व्यक्ति भएको प्रहरीले जानकारी दिएको छ।

# जनज्योति माविमा वृक्षरोपण



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१४, मयुरधापस्थित जनाज्योति माध्यामिक विद्यालयले वातावरण संरक्षणका लागि वृक्षरोपण गरेको छ। विद्यालयको वातावरण संरक्षण एवम् वृक्षरोपण भन्ने अभियानका साथ बिहिबार विद्यालय परिसरमा वृक्षरोपण गरिएको विद्यालयका प्रधानाध्यापक भोगेन्द्र लुइटेलले जानकारी दिनुभयो।

वार्षिक शैक्षिक क्यालेण्डरमा अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यालयको खेलमैदान वरिपरि कपुर, बडहर, चिउरी, एभोकाडो, अमलाका १ सय ५० बिरुवा रोपिएको प्रधानाध्यापक लुइटेलले जानकारी दिनुभयो। वृक्षरोपण कार्यक्रममा वडा सदस्य श्याम बहादुर भोलोनको पनि सहभागिता रहेको थियो। वृक्षरोपण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र ढुङ्गाना, शिक्षक अभिभावक संघका अध्यक्ष चित्र बहादुर बोलखेसहित शिक्षक तथा विद्यार्थीको सहभागिता रहेको थियो।

# खोल्सामा लडेर भोलनको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-७, लामिटारमा खोल्सामा लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ४५ वर्षीया निरमाया भोलन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बुधबार राती ८ बजेर १० मिनेटको समयमा भोलन बाख्रा फर्काउन जाँदा बारीको खोल्सा छेउमा लडेर मृत अवस्थामा फेला परेकी थिईन्। भोलन छारेरोग बिरामी रहेको पाइएको प्रहरीले जनाएको छ। मुचुल्का तथा अनुसन्धान कार्य भइरहेको छ।

## चितवनमा पुरुषको शव

# नुवाकोटमा मानव कंकाल फेला

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१६, भगेरीथानमा एक जना पुरुषको शव फेला परेको छ। बुधबार नारायणी नदी किनारमा अन्दाजी ३२ वर्षीय पुरुषको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। सनाखत हुन नसकेको शवको मुचुल्कापछि थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ।

यस्तै नुवाकोट जिल्लाको लिखु गाउँपालिका-३, मालकोटमा मानव कंकाल फेला परेको छ। बुधबार बिहान ९ बजेर १० मिनेटको समयमा लिखुखोलाको किनारमा बालुवाले दबिएको अवस्थामा कंकाल फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। कंकालको लिङ्ग समेत पहिचान गर्न नसक्ने अवस्थामा फेला परेको थियो। मुचुल्का तथा आवश्यक अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



जनप्रिय मा.वि. (प्राविधिक शिक्षालय)
ADMISSION OPEN
DIPLOMA IN ELECTRICAL ENGINEERING
DIPLOMA IN PLANT SCIENCE
DIPLOMA IN ANIMAL SCIENCE
PRE-DIPLOMA IN PLANT SCIENCE
PRE-DIPLOMA IN ANIMAL SCIENCE
9-12 IN PLANT SCIENCE
GENERAL 11-12 IN SCIENCE
GENERAL 11-12 IN MANAGEMENT, EDUCATION, HUMANITIES
JANAPRIYA SECONDARY SCHOOL
(TECHNICAL INSTITUTE)
HETAUDA-16, CHISAPANI, MAKAWANPUR
Contact: 057-530494, 530498
9845234755, 9855067893
Website: https://janapriyahetauda.edu.np/
Register Online At: https://janapriyahetauda.edu.np/admission-for-2081/



राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ